{«DateLetterGenerated»}

आदरणीय बासिन्दा,

तपाईं {«Street, City, State Zip»} मा बसिरहनुभएको ठाउँमा असुरक्षित मात्रामा लिड रहेको पाइएको थियो र यही कारणले गर्दा तपाईंको बच्चालाई लिडको विषाक्तता (लिड पोइजनिङ) भएको हो। लिडको सम्पर्कमा आएमा मस्तिष्क र स्नायु प्रणालीमा असर पर्न, शारीरिक तथा मानसिक विकासमा ढिलाइ हुन र सिकाइ तथा व्यवहारसम्बन्धी समस्याका साथसाथै श्रवण तथा बोलीसम्बन्धी समस्याहरू देखिन सक्छन्।

बालबालिकालाई लिडको विषाक्तता हुने सबैभन्दा सामान्य कारण भनेको सन् 1978 भन्दा पहिले बनाइएका घरहरूमा लगाइएको लिड मिश्रित रङ पुरानो भएपछि त्यसबाट निस्कने धूलो हो। लिडको विषाक्तता निम्त्याउन सक्ने अन्य स्रोतहरूमा माटो, पानी र उपभोग्य उत्पादनहरू पर्दछन्।

**तपाईंको घरमा** 6 **वर्षमुनिको कुनै बच्चा बस्नुहुन्छ वा उहाँ तपाईंको घरमा हप्ताको छ घण्टाभन्दा बढी समय बिताउनुहुन्छ भने** Ohio Department of Health (**ओहायोको स्वास्थ्य विभाग**) **ले चिकित्सक वा अन्य स्वास्थ्य सेवा प्रदायकसँग भेटेर उहाँको रगत परीक्षण गराई उहाँलाई लिडको विषाक्तता भएको छैन भन्ने कुरा सुनिश्चित गर्न सिफारिस गर्छ।**

{«HDname»}ले तपाईं बस्ने घरको मालिकका रूपमा तपाईंको घरबेटीलाई लिडसम्बन्धी समस्या समाधान गर्ने आदेश दिएको थियो तर उहाँ त्यसो गर्न अस्वीकार गरिरहनुभएको छ। **परिणाम स्वरूप**, **यो घरमा बस्न असुरक्षित रहेको घोषणा गरिएको हुनाले ओहायोको कानुनअनुसार यो घरमा बस्ने सबै जना अन्यत्र सर्नु पर्ने हुन्छ। यो घर विशेष गरी** 6 **वर्षमुनिका बालबालिका र गर्भवती महिलाहरूका लागि असुरक्षित छ।** यो घरबाहिर चेतावनीमूलक सङ्केत टाँसिएको छ। उक्त सङ्केत हटाएमा कानुन उल्लङ्घन गरेको ठहर हुने छ। चेतावनीमूलक सङ्केतहरू हटाइएका छैनन् र त्यहाँ कोही पनि बस्दैनन् भन्ने कुरा सुनिश्चित गर्न ODH ले ती घरहरूको निगरानी गर्छ।

तपाईंले बस्नका लागि अर्कैघर खोज्नु पर्छ (सम्भव भएसम्म सन् 1978 पछि बनेको घर, किनभने त्यस्तो घरमा लिडसम्बन्धी समस्या हुने सम्भावना कम हुन्छ)। ओहायोका धेरै समुदायहरूमा तपाईंलाई अर्को घर खोज्न मद्दत गर्ने समाज सेवी सङ्गठन वा अन्य सामुदायिक स्रोत साधनहरू उपलब्ध छन्। तपाईं आफ्नो क्षेत्रमा लिसडम्बन्धी समयिा दे्तिखएका अन्य घरहरूको सूची हेर्न सक्नुहुन्छ (यो सूची ODH को वेबसाइट http://www.odh.ohio.gov/pbhazproperties). मा उपलब्ध छ।

तपाईं यो सूचना वा बच्चालाई लिडको विषाक्तता भएको छ कि छैन भन्ने कुरा हेर्न रगत परीक्षण गर्ने तरिकाका बारेमा कुनै प्रश्न सोध्न चाहनुहुन्छ भने {«HDPhone»} मा फोन गरी {«HDname»} मा सम्पर्क गर्नुहोस्।)

भवदीय,

{«HDRepresentativeName»}
{«HDRepresentativeTitle»}
{«HDName»}